सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ (३) र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम (३) अनुसार प्रकाशित जानकारीमूलक सूचना सामाग्री

२०८३ श्रावण १ गते देखि असोज मसान्तसम्म

सम्पादित प्रमुख क्रियाकलापहरु

(स्वतः प्रकाशन)

परवानीपुर गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

लिपनीमाल, बारा

मधेश प्रदेश, नेपाल

फोन नं. ०५३-४१०१६३

इमेलः parwanipurgaupalika@gmail.com

वेवसाइटः www.parwanipurmun.gov.np

२०८३ कार्तिक ११ गते

परवानीपुर गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

लिपनीमाल, बारा



गाउँपालिका अध्यक्ष

रामक्षत्री प्रसाद कुर्मी

९८५५०२०६५५



गाउँपालिका उपाध्यक्ष

सुगान्धी देवी कनुइन

९८४५०५९५९६



प्रमुख प्रशासकीय अधिकृत

कृष्ण नन्दन राय

९८५५०४८५६५



सूचना अधिकारी

रबी जैसवाल


९८०८२५८९१६३

विषयसूची

विवरण		पेज नं.
(१)	निकायको स्वरुप र प्रकृति	४
(२)	गाउँपालिको काम, कर्तव्य र अधिकार	६
(३)	गाउँपालिकाको संगठन, कर्मचारी संख्या एवं कार्य विवरण	१८
(४)	गाउँपालिकाबाट प्रदान गरिने सेवा	२२
(५)	गाउँपालिकाका गाउँसभा सदस्य (जनप्रतिनिधि) हरुको विवरण:	४२
(६)	गाउँपालिकाका शाखा, वडा कार्यालय, स्वास्थ्य केन्द्र र सामुदायिक विद्यालयका जिम्मेवार अधिकारी	४४
(७)	निवेदन उजुरी उपर निर्णय गर्ने प्रक्रिया र अधिकारी	४५
(८)	निर्णय उपर उजुरी सुन्ने अधिकारी	४६
(९)	सम्पादन गरेका मुख्य मुख्य कामको विवरण	४७
(१०)	कार्यालय प्रमुख र सूचना अधिकारी	७९
(११)	ऐन, नियम, विनियम वा निर्देशिकाको सूची	७९
(१२)	आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण	८२
(१३)	गाउँपालिकको वेभसाईट	८४
(१४)	गाउँपालिकाका सूचनाहरु अन्यत्र प्रकाशन भएको विवरण	८६
(१५)	गाउँपालिकामा परेको सूचना माग सम्बन्धी निवेदन	८६
(१६)	गाउँपालिकाले गरेको कार्यक्रम र सो को प्रतिवेदन	८६

(१) निकायको स्वरुप र प्रकृति

क.गाउँपालिकाको नक्शा



ख. परिचय

परवानीपुर गाउँपालिका मधेश प्रदेशको बारा जिल्लामा अवस्थित रहेको छ । नेपालको सबभन्दा सानो गाउँपालिकाको रुपमा परिचित परवानीपुर गाउँपालिका बारा जिल्ला पश्चिम क्षेत्रमा पर्दछ । यस गाउँपालिकाको क्षेत्रफल १५.४८ वर्ग कि.मि. रहेको छ जुन नेपाल कै सबभन्दा कम क्षेत्रफल भएको गाउँपालिका हो । यस गाउँपालिकाको केन्द्र त्रिभुवन राजमार्ग सँग जोडिएको लिपनीमाल, वडा नं. ३ परवानीपुर बजारमा रहेको छ । नेपालको जनगणना २०७८ का अनुसार यहाँको जनसंख्या २४,७४५ रहेको छ जसमध्ये महिलाको संख्या ११,७०५ र पुरुषको संख्या १३,०४० रहेको छ भने ३९७२ घरधुरी बसोबास गर्दछन्। जम्मा ५ वटा वडाहरु रहेको यस गाउँपालिकामा साबिकका गाउँ बिकास समितिहरु बहुअरी, लिपनीमाल, रामपुर टोकनी र बुनियाद समावेश रहेका छन् । ५.४६ वर्ग किलोमिटर क्षेत्र भएको वडा न. १ (बुनियाद) मा ६१९६ जनसंख्या टोकनी सहित ३.९७ वर्ग किलोमिटर क्षेत्र

भएको वडा न.२ मा ३५०५ लिपनीमाल सहित १.७६ वर्ग किलोमिटर क्षेत्र भएको वडा न. ३ मा ४४११ चैनपुर वितासहित १.५७ वर्ग किलोमिटर क्षेत्र भएको वडा न. ४ मा ५६५१ र बहुअरीसहित २.७२ वर्ग किलोमिटर क्षेत्र भएको वडा न. ५ मा ४९८२ जनसंख्याको बसोवास रहेको छ । यस गाउँपालिकाको केन्द्र वडा नं. ३ लिपनीमालमा रहेको छ । यस गाउँपालिकाको पूर्वमा बारा जिल्लाको प्रसौनी गाउँपालिका, पश्चिम र दक्षिणमा पर्साको जिल्लाको वीरगज महानगरपालिका र भने उत्तरमा जितपुरसिमरा उप-महानगरपालिका रहेको छ ।

कृषि प्रधान जिल्लाको रुपमा परिचित बारा भित्र पर्ने २ उप-महागनगरपालिका, ५ नगरपालिका र ९ वटा गाउँपालिका गरी १६ वटा स्थानीय तहका पालिकामध्ये परवानीपुर गाउँपालिका साँस्कृतिक, धर्मिक र सामुदायिक विविधतायुक्त एउटा पालिका हो । जिल्लाको पश्चिममा रहेको यो गाउँपालिका पर्सा बारा औद्योगिक करिडोर क्षेत्रको प्रमुख हिस्सा पनि हो । औद्योगिक हिसाबले यसले देशमैं महत्व राख्ने सिमेन्ट कारखाना, औषधी कारखाना, खाधान्न सम्बन्धी कारखाना, मेशिनरी औजार लगायत धेरै कलकरखाना रहेको छ जसले गर्दा यस गाँउपालिका क्षेत्र धेरै मात्रमा रोजगारी सिर्जना भएको छ । परवानीपुर गाउँपालिका वडा नं. १ र २ मा मुख्य गरी कृषि कार्य अन्तर्गत गहुँवाली, धानवाली, तेलहन, मकै तथा तरकारी आदिको खेतीपाती गरिन्छ यसै गरी पशुपालन अन्तर्गत गाई भैसी पालन, बाख्रापालन, माछापालन लगायत पन्छीपालन जस्ता स-साना आर्थिक क्रियाकलाप यहाँ आम मानिसहरु संलग्न रहेका छन् । का साथै हाँस-कुखरा, परेवाजस्ता घरपालुवा पंछीपालनको आधारमा यहाँको परम्परागत आर्थिक व्यवस्था रहेको पाइन्छ । साना व्यवसाय, उद्यमशिलता विकास, बैदेशिक रोजगारी तथा नोकरी जस्ता व्यवस्थित आर्थिक स्रोत पनि स्थानीयले अपनाएको पाइन्छ ।

ग. भौगोलिक अवस्था:

- प्रदेश: मधेश
- अंचल: नारायणी
- जिल्ला: बारा
- स्थापना मिति: २०७३ साल
- क्षेत्रफल: १५.४८ वर्ग कि.मि.
- वडा संख्या: ५
- दीर्घकालिन सोच: औद्योगिक विकास र स्वरोजगार: समृद्ध परवानीपुर निर्माणको आधार
- घरधुरी: ३९७२
- जनसंख्य: २४,७४५, महिला: ११,७०५ पुरुष: १३,०४०

- साक्षरता प्रतिशतः ६६.१
- पुर्व सिमानाः प्रसौनी गाउँपालिका
- पश्चिम सिमानाः विरगंज महानगरपालिका
- उत्तर सिमानाः जितपुरसिमरा उप-महानगरपालिका
- दक्षिण सिमानाः विरगंज महानगरपालिका

(२) गाउँपालिको काम, कर्तव्य र अधिकार

स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद ३ को दफा ११ बमोजिम ।

क. नगर प्रहरी

(१) नगर प्रहरीको गठन, सञ्चालन, व्यवस्थापन, नियमन तथा नगर प्रहरी सम्बन्धी नीति, कानून र मापदण्डको निर्माण तथा कार्यान्वयन,

(२) देहायका कार्यमा सहयोग पुर्याउनको लागि नगर प्रहरीको परिचालन गर्न सक्ने :-

(क) गाउँपालिका वा नगरपालिकाको नीति, कानून, मापदण्ड तथा निर्णय कार्यान्वयन,

(ख) गाउँपालिका वा नगरपालिकाको सम्पत्तिको सुरक्षा र संरक्षण,

(ग) स्थानीयस्तरमा हुने सभा समारोह, परम्परा तथा जात्रा चाडपर्वको सुरक्षा व्यवस्थापन,

(घ) स्थानीय बजार तथा पार्किङ्ग स्थलको रेखदेख र व्यवस्थापन,

(ङ) गाउँ वा नगर सरसफाई सम्बन्धी मापदण्डको कार्यान्वयन,

(च) न्यायिक समितिले गरेका मिलापत्र तथा निर्णयको कार्यान्वयन,

(छ) सार्वजनिक ऐलानी र पर्ती जग्गा, सार्वजनिक भवन, सम्पदा तथा भौतिक पूर्वाधारको संरक्षण र सुरक्षा, विपद् व्यवस्थापन सम्बन्धी खोजी, उद्धार, राहत तथा पुनर्स्थापना,

(झ) अनधिकृत विज्ञापन तथा होडिङ्ग बोर्ड नियन्त्रण,

(ञ) छाडा पशु चौपायाको नियन्त्रण,

(ट) अनधिकृत निर्माण तथा सार्वजनिक सम्पत्ति अतिक्रमण रोकथाम तथा नियन्त्रण,

(ठ) कार्यपालिकाले तोकेको अन्य कार्य।

ख. सहकारी संस्था

(१) सहकारी संस्था सम्बन्धी स्थानीय नीति, कानून, मापदण्डको निर्माण, कार्यान्वयन र नियमन,

(२) सम्बन्धित गाउँपालिका तथा नगरपालिकाको भौगोलिक क्षेत्रभित्र सञ्चालन हुने सहकारी संस्थाको दर्ता, अनुमति, खारेजी र विघटन,

(३) सहकारी बचत तथा ऋण परिचालन सम्बन्धी स्थानीय मापदण्ड निर्धारण र नियमन,

(४) सहकारी सम्बन्धी राष्ट्रिय, केन्द्रीय, विषयगत, प्रादेशिक र स्थानीय सङ्घ संस्थासँग समन्वय र सहकार्य,

(५) सहकारी सम्बन्धी स्थानीय तथ्याङ्क व्यवस्थापन र अध्ययन अनुसन्धान,

(६) स्थानीय सहकारी संस्थाको क्षमता अभिवृद्धि,

(७) स्थानीय सहकारी क्षेत्रको प्रवर्द्धन, परिचालन र विकास ।

ग. एफ. एम. सञ्चालन

(१) एक सय वाटसम्मको एफ. एम. रेडियो सञ्चालन अनुमति, नवीकरण, नियमन र खारेजी,

(२) प्रदेश कानूनको अधीनमा रही एफ. एम. सञ्चालन सम्बन्धी अन्य कार्य ।

घ. स्थानीय कर, सेवा शुल्क तथा दस्तुर

(१) सङ्घीय तथा प्रदेश कानूनको अधीनमा रही सम्पत्ति कर, घर बहाल कर, घर जग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, सेवा शुल्क दस्तुर, पर्यटन शुल्क, विज्ञापन कर, व्यवसाय कर, भूमिकर (मालपोत), मनोरञ्जन कर सम्बन्धी नीति, कानून, मापदण्ड, कार्यान्वयन र नियमन,

(२) स्थानीय पूर्वाधार तथा सेवाको शुल्क निर्धारण, सङ्कलन र व्यवस्थापन,

(३) ट्रेकिङ्ग, कायाकिङ्ग, क्यानोनिङ्ग, बञ्जी जम्प, जिपफ्लायर, प्र्याफ्टिङ्ग, मोटरबोट, केबुलकार सेवा लगायत अन्य जल तथा स्थल क्षेत्रमा सञ्चालन हुने नवीन पर्यटकीय सेवा तथा साहसिक खेलको शुल्क,

(४) जडीबुटी, कवाढी र जीवजन्तु कर निर्धारण तथा सङ्कलन,

(५) स्थानीय राजस्वको आधार विस्तार तथा प्रवर्द्धन,

(६) ढुङ्गा, गिट्टी, बालुवा, माटो, काठ दाउरा, जराजुरी, स्लेट, खरीढुङ्गा आदि प्राकृतिक एवं खानीजन्य वस्तुको बिक्री तथा निकासी शुल्क दस्तुर सङ्कलन,

(७) सिफारिस, दर्ता, अनुमति, नवीकरण आदिको शुल्क, दस्तुर निर्धारण र सङ्कलन,

(८) स्थानीय राजस्व प्रवर्द्धनका लागि प्रोत्साहन,

(९) राजस्व सूचना तथा तथ्याङ्कको आदान प्रदान,

(१०) सङ्घीय तथा प्रदेश कानूनको अधीनमा रही स्थानीय तहमा राजस्व चुहावट नियन्त्रण सम्बन्धी नीति, कानून, मापदण्ड र नियमन,

(११) स्थानीय पूर्वाधार सेवा र उपयोगमा सेवा शुल्क दस्तुर सम्बन्धी नीति, कानून, मापदण्ड र नियमन,

(१२) मालपोत सङ्कलन,

(१३) कर तथा सेवा शुल्क सम्बन्धी अन्य कार्य।

ङ. स्थानीय सेवाको व्यवस्थापन

(१) स्थानीय सेवाको व्यवस्थापन सम्बन्धी नीति, मापदण्ड, सेवा शर्त, योजना, कार्यान्वयन र नियमन,

(२) संविधानको धारा ३०२ को उपधारा (२) बमोजिम समायोजन भएका कर्मचारीको व्यवस्थापन, उपयोग र समन्वय,

(३) सङ्गठन विकास, जनशक्ति व्यवस्थापन र वृत्ति विकास,

(४) स्थानीय कानून बमोजिम सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गरी सङ्गठन संरचना तथा दरबन्दी निर्धारण,

(५) स्थानीय सेवाको व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको उपयोग, प्रवर्द्धन र नियमन,

(६) जनशक्ति व्यवस्थापन तथा वृत्ति विकास,

(७) स्थानीय सेवाको व्यवस्थापन सम्बन्धी अन्य कार्य।

च. स्थानीय तथ्याङ्क र अभिलेख सङ्कलन

(१) स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन,

(२) आधारभूत तथ्याङ्क सङ्कलन र व्यवस्थापन,

(३) जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाईँसराइ दर्ता र पारिवारिक लगतको अभिलेख तथा पञ्जीकरण व्यवस्थापन,

(४) सूचना तथा सञ्चार प्रविधियुक्त आधारभूत तथ्याङ्कको सङ्कलन र व्यवस्थापन,

(५) स्थानीय तथ्याङ्क र अभिलेख सङ्कलन सम्बन्धी अन्य कार्य ।

छ. स्थानीयस्तरका विकास आयोजना तथा परियोजना

(१) विकास आयोजना तथा परियोजना सम्बन्धी नीति, कानून, मापदण्ड तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन,

(२) आर्थिक, सामाजिक, सांस्कृतिक, वातावरणीय, प्रविधि र पूर्वाधारजन्य विकासका लागि आवश्यक आयोजना तथा परियोजनाहरूको तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन,

(३) आयोजनाको अध्ययन, अनुसन्धान तथा प्रभाव मूल्याङ्कन,

(४) सम्भाव्य प्राकृतिक श्रोत तथा साधनको पहिचान तथा अभिलेख व्यवस्थापन,

(५) सङ्घीय तथा प्रदेश कानूनको अधीनमा रही शहरी विकास, बस्ती विकास र भवन सम्बन्धी नीति, कानून, मापदण्ड तथा सो सम्बन्धी योजना तर्जुमा, आयोजना पहिचान, अध्ययन, कार्यान्वयन र नियमन,

(६) राष्ट्रिय भवन संहिता तथा मापदण्ड बमोजिम भवन निर्माण अनुमति, अनुगमन र नियमन,

(७) सरकारी भवन, विद्यालय, सामुदायिक भवन, सभागृह र अन्य सार्वजनिक भवन तथा संरचनाको निर्माण र मर्मत सम्भार तथा सञ्चालन र व्यवस्थापन,

(८) सङ्घीय र प्रदेशस्तरीय आयोजना तथा परियोजनाको कार्यान्वयनमा समन्वय, सहजीकरण र सहयोग,

(९) सुरक्षित बस्ती विकास सम्बन्धी नीति, योजना, कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन, नियमन र मूल्याङ्कन,

(१०) सार्वजनिक निर्माण कार्यको लागि प्रचलित कानून बमोजिमको "घ" वर्गको इजाजतपत्रको जारी, नवीकरण तथा खारेजी,

(११) पर्यटन क्षेत्रको विकास, विस्तार र प्रवर्द्धन सम्बन्धी आयोजनाहरूको पहिचान, कार्यान्वयन, व्यवस्थापन, अनुगमन तथा नियमन,

(१२) नवीन पर्यटकीय सेवा तथा कार्यहरू सम्बन्धी आयोजनाहरूको पहिचान, कार्यान्वयन, व्यवस्थापन, अनुगमन तथा नियमन,

(१३) विकास आयोजना तथा परियोजना सम्बन्धी अन्य कार्य ।

ज. आधारभूत र माध्यमिक शिक्षा

(१) प्रारम्भिक बाल विकास तथा शिक्षा, आधारभूत शिक्षा, अभिभावक शिक्षा, अनौपचारिक शिक्षा, खुला तथा वैकल्पिक निरन्तर सिकाइ, सामुदायिक सिकाइ र विशेष शिक्षा सम्बन्धी नीति, कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन, कानून, न्याय

(२) सामुदायिक, संस्थागत, गुठी र सहकारी विद्यालय स्थापना, अनुमति, सञ्चालन, व्यवस्थापन तथा नियमन,

(३) प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको योजना तर्जुमा, सञ्चालन, अनुमति, अनुगमन, मूल्याङ्कन र नियमन,

(४) मातृभाषामा शिक्षा दिने विद्यालयको अनुमति, अनुगमन तथा नियमन,

(५) गाभिएका वा बन्द गरिएका विद्यालयहरूको सम्पत्ति व्यवस्थापन,

(६) गाउँ तथा नगर शिक्षा समिति गठन तथा व्यवस्थापन,

(७) विद्यालय व्यवस्थापन समिति गठन तथा व्यवस्थापन,

(८) विद्यालयको नामाकरण,

(९) सामुदायिक विद्यालयको जग्गाको स्वामित्व, सम्पत्तिको अभिलेख, संरक्षण र व्यवस्थापन,

(१०) विद्यालयको गुणस्तर अभिवृद्धि तथा पाठ्यसामग्रीको वितरण,

(११) सामुदायिक विद्यालयको शिक्षक तथा कर्मचारीको दरबन्दी मिलान,

(१२) विद्यालयको नक्साङ्कन, अनुमति, स्वीकृति, समायोजन तथा नियमन,

(१३) सामुदायिक विद्यालयको शैक्षिक पूर्वाधार निर्माण, मर्मत सम्भार, सञ्चालन र व्यवस्थापन,

(१४) आधारभूत तहको परीक्षा सञ्चालन, अनुगमन तथा व्यवस्थापन,

(१५) विद्यार्थी सिकाई उपलब्धीको परीक्षण र व्यवस्थापन,

(१६) निःशुल्क शिक्षा, विद्यार्थी प्रोत्साहन छात्रवृत्तिको व्यवस्थापन, तथा

(१७) ट्यूसन, कोचिङ्ग जस्ता विद्यालय बाहिर हुने अध्यापन सेवाको अनुमति तथा नियमन,

(१८) स्थानीयस्तरको शैक्षिक ज्ञान, सीप र प्रविधिको संरक्षण, प्रवर्द्धन र स्तरीकरण,

(१९) स्थानीय पुस्तकालय र वाचनालयको सञ्चालन तथा व्यवस्थापन,

(२०) माध्यमिक तहसम्मको शैक्षिक कार्यक्रमको समन्वय र नियमन,

(२१) सामुदायिक विद्यालयलाई दिने अनुदान तथा सोको बजेट व्यवस्थापन, विद्यालयको आय व्ययको लेखा अनुशासन कायम, अनुगमन र नियमन,

(२२) शिक्षण सिकाइ, शिक्षक र कर्मचारीको तालिम तथा क्षमता विकास,

(२३) अतिरिक्त शैक्षिक क्रियाकलापको सञ्चालन ।

झ. आधारभूत स्वास्थ्य र सरसफाई

(१) आधारभूत स्वास्थ्य र सरसफाई तथा पोषण सम्बन्धी नीति, कानून, मापदण्ड, योजनाको तर्जुमा, कार्यान्वयन तथा नियमन,

(२) आधारभूत स्वास्थ्य, प्रजनन स्वास्थ्य र पोषण सेवाको सञ्चालन र प्रवर्द्धन,

(३) अस्पताल र अन्य स्वास्थ्य संस्थाको स्थापना तथा सञ्चालन,

(४) स्वास्थ्य सेवा सम्बन्धी भौतिक पूर्वाधार विकास तथा व्यवस्थापन,

(५) स्वच्छ खानेपानी तथा खाद्य पदार्थको गुणस्तर र वायु तथा ध्वनिको प्रदूषण नियन्त्रण र नियमन,

(६) सरसफाई सचेतनाको अभिवृद्धि र स्वास्थ्यजन्य फोहोरमैलाको व्यवस्थापन, कानून, न्याय तथ

(७) स्वास्थ्यजन्य फोहरमैला सङ्कलन, पुनः उपयोग, प्रशोधन, विसर्जन र सोको सेवा शुल्क निर्धारण र नियमन,

(८) रक्त सञ्चार सेवा तथा स्थानीय र शहरी स्वास्थ्य सेवा सञ्चालन,

(९) औषधि पसल सञ्चालन, अनुमति, अनुगमन र नियमन,

(१०) सरसफाई तथा स्वास्थ्य क्षेत्रबाट निष्कासित फोहोरमैला व्यवस्थापनमा निजी तथा गैरसरकारी क्षेत्रसँग समन्वय, सहकार्य र साझेदारी,

(११) परिवार नियोजन तथा मातृशिशु कल्याण सम्बन्धी सेवा सञ्चालन, अनुमति, अनुगमन तथा नियमन,

(१२) महिला तथा बालबालिकाको कुपोषण न्यूनीकरण, रोकथाम, नियन्त्रण र व्यवस्थापन ।

ञ. स्थानीय बजार व्यवस्थापन, वातावरण संरक्षण र जैविक विविधता

(१) स्थानीय व्यापार, वस्तुको माग, आपूर्ति तथा अनुगमन, उपभोक्ता अधिकार तथा हित सम्बन्धी नीति, कानून, मापदण्ड, कार्यान्वयन र नियमन,

(२) बजार तथा हाट बजार व्यवस्थापन,

(३) स्थानीय वस्तुहरूको उत्पादन, आपूर्ति तथा निकासी प्रक्षेपण, मूल्य निर्धारण र अनुगमन,

(४) स्थानीय व्यापार र वाणिज्य सम्बन्धी पूर्वाधार निर्माण,

(५) स्थानीय वस्तु र सेवा व्यापारको मूल्य तथा गुणस्तरको अनुगमन र नियमन,

(६) स्थानीयस्तरका व्यापारिक फर्मको दर्ता, अनुमति, नवीकरण, खारेजी, अनुगमन र नियमन,

(७) स्थानीय व्यापारको तथ्याङ्क प्रणाली र अध्ययन अनुसन्धान,

(८) निजी तथा गैरसरकारी क्षेत्रसँग समन्वय र सहकार्य,

(९) स्थानीय व्यापार प्रवर्द्धन, सहजीकरण र नियमन,

(१०) स्थानीय बौद्धिक सम्पत्तिको संरक्षण, प्रवर्द्धन र अभिलेखाङ्कन,

(११) उपभोक्ता सचेतना अभिवृद्धि, लक्षित उपभोक्ताको लगत व्यवस्थापन र स्थानीय वस्तु तथा सेवाको गुणस्तर परीक्षण,

(१२) वातावरण संरक्षण र जैविक विविधता सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना तर्जुमा तथा त्यसको कार्यान्वयन, अनुगमन र नियमन,

(१३) स्थानीयस्तरमा वातावरणीय जोखिम न्यूनीकरण,

(१४) स्थानीयस्तरमा जनस्वास्थ्यमा प्रतिकूल असर पर्ने किसिमका उपभोग्य वस्तुको बेचविखन र उपभोग तथा वातावरणीय प्रदूषण र हानिकारक पदार्थहरूको नियन्त्रण, अनुगमन तथा नियमन,

(१५) स्थानीयस्तरमा सरसफाई तथा फोहरमैला व्यवस्थापन,

(१६) स्थानीयस्तरमा न्यून कार्बनमूखी तथा वातावरणमैत्री विकास अवलम्बन,

(१७) स्थानीयस्तरमा हरित क्षेत्रको संरक्षण र प्रवर्द्धन,

(१८) स्थानीयस्तरमा वातावरण संरक्षण क्षेत्र निर्धारण र व्यवस्थापन,

(१९) स्थानीय बजार व्यवस्थापन, वातावरण संरक्षण र जैविक विविधता सम्बन्धी अन्य कार्य।

ट. स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक र सिँचाइ

(१) स्थानीय, ग्रामीण तथा कृषि सडक र सिँचाइ सम्बन्धी नीति, कानून, मापदण्ड तथा सो सम्बन्धी योजना तर्जुमा, कार्यान्वयन, अनुगमन र नियमन,

(२) स्थानीय, ग्रामीण तथा कृषि सडक, झोलुङ्गे पुल, पुलेसा, सिँचाइ र तटबन्धन सम्बन्धी गुरुयोजनाको तर्जुमा, कार्यान्वयन, मर्मत, सम्भार र नियमन,

(३) स्थानीयस्तरका सिंचाइ प्रणालीको निर्माण, सञ्चालन, रेखदेख, मर्मत सम्भार, स्तरोन्नति, अनुगमन र नियमन,

(४) यातायात सुरक्षाको व्यवस्थापन र नियमन,

(५) स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक सम्बन्धी अन्य कार्य ।

ठ. गाउँसभा, नगर सभा, मेलमिलाप र मध्यस्थताको व्यवस्थापन

(१) गाउँसभा वा नगरसभा सम्बन्धी नीति, कानून र कार्यविधि,

(२) स्थानीयस्तरका विषय क्षेत्रगत नीति तथा रणनीति, आवधिक तथा वार्षिक योजना, कार्यक्रम र बजेट स्वीकृति,

(३) सभाका समितिहरूको गठन र सञ्चालन,

(४) स्थानीय तहबीच साझा सरोकार तथा साझेदारीका विषयमा संयुक्त समिति गठन,

(५) कार्यपालिका तथा न्यायिक समितिबाट सभामा प्रस्तुत प्रतिवेदनमाथि छलफल तथा सो सम्बन्धमा आवश्यक निर्देशन,

(६) विकास योजना तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन तथा सुशासनको लागि कार्यपालिकालाई निर्देशन,

(७) गाउँपालिका तथा नगरपालिकालाई आर्थिक व्ययभार पर्ने विषयको नियमन,

(८) स्थानीय मेलपिलाप र मध्यस्थता,

(९) गाउँ सभा, नगर सभा, मेलमिलाप र मध्यस्थताको व्यवस्थापन सम्बन्धी अन्य कार्य ।

ड. स्थानीय अभिलेख व्यवस्थापन

(१) स्थानीय अभिलेख व्यवस्थापन सम्बन्धी नीति, कानून, मापदण्ड, योजनाको निर्माण, कार्यान्वयन, अनुगमन र नियमन,

(२) जनसाङ्ख्यिक, प्राकृतिक, आर्थिक, सामाजिक, सांस्कृतिक, भौतिक पूर्वाधार, रोजगारीको अवस्था, कूल ग्राहस्थ्य उत्पादन, प्रतिव्यक्ति आय, मानव विकास तथा लैङ्गिक सशक्तीकरण सूचकाङ्क, राजश्व तथा आयव्यय समेतको तथ्याङ्क सङ्कलन र प्रशोधन गरी नवीनतम प्रविधियुक्त र राष्ट्रिय तथा स्थानीय सूचना प्रणालीमा आवद्धता र पार्श्व चित्र तथा श्रोत नक्साको अद्यावधिक अभिलेखन,

(३) सूचना तथा अभिलेख केन्द्रको स्थापना तथा सञ्चालन,

(४) सार्वजनिक सम्पत्ति, सामुदायिक सम्पत्ति, भवन, सडक, पसल, व्यवसायको विवरण सहितको अद्यावधिक अभिलेख,

(५) आफ्नो क्षेत्रभित्र सम्पन्न भएका तथा चालु योजनाको विवरण र त्यस्तो योजनाको सम्पत्तिको अद्यावधिक अभिलेखन,

(६) स्थानीय अभिलेख व्यवस्थापनमा नवीनतम सूचना प्रविधिको उपयोग,

(७) स्थानीय अभिलेख व्यवस्थापन सम्बन्धी अन्य कार्य।

ढ. जग्गा धनी दर्ता प्रमाणपुर्जा वितरण

(१) स्थानीय जग्गाको नाप नक्सा, किल्लाकाट, हालसाविक, रजिष्ट्रेशन नामसारी तथा दाखिल खारेज,

(२) जग्गा धनी दर्ता प्रमाणपुर्जा वितरण तथा लगत व्यवस्थापन,

(३) भूमिको वर्गीकरण अनुसारको लगत,

(४) सार्वजनिक प्रयोजनका लागि जग्गा प्राप्ति, मुआब्जा निर्धारण तथा वितरणमा समन्वय र सहजीकरण, नापी नक्सा तथा जग्गाको स्वामित्व निर्धारण कार्यमा समन्वय र सहजीकरण,

(६) जग्गा धनी दर्ता प्रमाणपुर्जा वितरण सम्बन्धी अन्य कार्य।

ण. कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन, पशु स्वास्थ्य, सहकारी

(१) कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन र पशु स्वास्थ्य सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन, अनुगमन र नियमन, कृषि तथा पशुपन्छी बजार सूचना, बजार तथा

(२) हाटबजारको पूर्वाधार निर्माण, साना सिँचाइ निर्माण, तालिम, प्रविधि प्रसार, प्राविधिक टेवा, कृषि सामग्री आपूर्ति र कृषक क्षमता विकास कार्यक्रमको सञ्चालन, अनुगमन र नियमन,

(३) कृषि तथा पशुपक्षीजन्य प्राकृतिक प्रकोप तथा महामारी रोगको नियन्त्रण,

(४) पशुपक्षी चिकित्सा सेवाको व्यवस्थापन,

(५) कृषि वातावरण संरक्षण तथा जैविक विविधताको संरक्षण र प्रवर्द्धन,

(६) पशुनस्ल सुधार पद्धतिको विकास र व्यवस्थापन,

(७) उच्च मूल्ययुक्त कृषिजन्य वस्तुको प्रवर्द्धन, विकास तथा बजारीकरण,

(८) स्थानीय चरन तथा खर्क विकास र व्यवस्थापन,

(९) पशु आहारको गुणस्तर नियमन,

(१०) स्थानीयस्तरमा पशुपक्षी सम्बन्धी तथ्याङ्कको व्यवस्थापन र सूचना प्रणाली,

(११) पशु वधशाला र शीत भण्डारणको व्यवस्थापन र नियमन,

(१२) पशुपक्षी सम्बन्धी बीमा र कर्जा सहजीकरण,

(१३) पशुपालन तथा पशु स्वास्थ्य सम्बन्धी अन्य कार्य।

त. जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र अशक्तहरूको व्यवस्थापन

(१) सङ्घ र प्रदेश कानूनको अधीनमा रही सामाजिक सुरक्षा कार्यक्रमको कार्यान्वयन, सञ्चालन तथा व्यवस्थापन,

(२) जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा असहायको लगत अद्यावधिक, परिचयपत्र वितरण, सामाजिक सुरक्षा तथा सुविधाको व्यवस्थापन तथा वितरण,

(३) जेष्ठ नागरिक क्लब, दिवा सेवा केन्द्र, भेटघाट स्थल, आश्रय केन्द्रको सञ्चालन तथा व्यवस्थापन,

(४) सङ्घ तथा प्रदेशसँगको समन्वयमा अपाङ्गता पुनर्स्थापना केन्द्र, ज्येष्ठ नागरिक केन्द्र तथा अशक्त स्याहार केन्द्रको सञ्चालन र व्यवस्थापन,

(५) सडक बालबालिका, अनाथ, असहाय, अशक्त र मानसिक असन्तुलन भएका व्यक्तिहरूको पुनर्स्थापना केन्द्रको सञ्चालन, व्यवस्थापन, अनुगमन र नियमन,

(६) जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र अशक्तहरूको व्यवस्थापन सम्बन्धी अन्य कार्य ।

थ. बेरोजगारको तथ्याङ्क सङ्कलन

(१) रोजगार तथा बेरोजगार श्रमशक्तिको तथ्याङ सङ्कलन, प्रशोधन र सूचना प्रणालीको स्थापना,

(२) स्थानीयस्तरमा रहेका स्वदेशी तथा विदेशी श्रमिकको लगत सङ्कलन तथा सूचना व्यवस्थापन,

(३) विभिन्न क्षेत्र तथा विषयका दक्ष जनशक्तिको तथ्याङ्क सङ्कलन तथा व्यवस्थापन,

(४) सुरक्षित वैदेशिक रोजगारी र वैदेशिक रोजगारीमा रहेको श्रमशक्तिको सूचना तथा तथ्याङ्कको सङ्कलन तथा व्यवस्थापन,

(५) रोजगार सूचना केन्द्रको व्यवस्थापन तथा सञ्चालन,

(६) वैदेशिक रोजगारीमा जाने श्रमशक्तिको लागि वित्तीय साक्षरता र सीपमूलक तालीमको सञ्चालन,

(७) वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरूको सामाजिक पुनः एकीकरण,

(८) वैदेशिक रोजगारीबाट प्राप्त ज्ञान, सीप र उद्यमशीलताको उपयोग,

(९) बेरोजगारको तथ्याङ्क सङ्कलन सम्बन्धी अन्य कार्य।

द. कृषि प्रसारको व्यवस्थापन, सञ्चालन र नियन्त्रण

(१) कृषि प्रसार सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन, अनुगमन र नियमन,

(२) कृषि प्रसार तथा जनशक्तिको प्रक्षेपण, व्यवस्थापन र परिचालन,

(३) कृषकहरूको क्षमता अभिवृद्धि, प्राविधिक सेवा, टेवा, सीप विकास र सशक्तीकरण,

(४) कृषि बिउविजन, नस्ल, मलखाद र रसायन तथा औषधिहरूको आपूर्ति, उपयोग र नियमन,

(५) कृषक समूह, कृषि सहकारी र कृषि सम्बन्धी स्थानीय सङ्घ संस्थाहरूको समन्वय, व्यवस्थापन र नियमन,

(६) स्थानीयस्तरमा कृषि सम्बन्धी प्रविधिको संरक्षण र हस्तान्तरण,

(७) कृषि सम्बन्धी सूचनाको प्रचारप्रसार,

(८) स्थानीयस्तरका स्रोत केन्द्रहरूको विकास र व्यवस्थापन,

(९) प्राङ्गारिक खेती तथा मलको प्रवर्द्धन र प्रचार प्रसार,

(१०) कृषि प्रसारको व्यवस्थापन, सञ्चालन र नियन्त्रण सम्बन्धी अन्य कार्य।

ध. खानेपानी, साना जलविद्युत आयोजना, वैकल्पिक उर्जा

(१) स्थानीय खानेपानी सम्बन्धी नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन,

(२) खानेपानी महसुल निर्धारण र खानेपानी सेवा व्यवस्थापन,

(३) एक मेगावाट सम्मका जलविद्युत आयोजना सम्बन्धी स्थानीयस्तरको नीति, कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन र नियमन,

(४) स्थानीय तहमा वैकल्पिक ऊर्जा सम्बन्धी नीति, कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, नियमन,

(५) स्थानीय विद्युत वितरण प्रणाली र सेवाको व्यवस्थापन, सञ्चालन, अनुगमन र नियमन,

(६) स्थानीय तहमा वैकल्पिक ऊर्जा सम्बन्धी प्रविधि विकास र हस्तान्तरण, क्षमता अभिवृद्धि र प्रवर्द्धन,

(७) खानेपानी, साना जलविद्युत आयोजना तथा वैकल्पिक उर्जा सम्बन्धी अन्य कार्य ।

न. विपद् व्यवस्थापन

(१) विपद् व्यवस्थापन सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजनाको कार्यान्वयन, अनुगमन र नियमन,

(२) स्थानीयस्तरमा विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना, पूर्व सूचना प्रणाली, खोज तथा उद्धार, राहत सामग्रीको पूर्व भण्डारण, वितरण र समन्वय,

(३) स्थानीय तटबन्ध, नदी र पहिरोको नियन्त्रण तथा नदीको व्यवस्थापन र नियमन,

(४) विपद् जोखिम क्षेत्रको नक्साइन तथा बस्तीहरूको पहिचान र स्थानान्तरण,

(५) विपद् व्यवस्थापनमा सङ्घ, प्रदेश र स्थानीय समुदाय, सङ्घ संस्था तथा निजी क्षेत्रसँग सहयोग, समन्वय र सहकार्य,

(६) विपद् व्यवस्थापन कोषको स्थापना तथा सञ्चालन र स्रोत साधनको परिचालन,

(७) विपद् जोखिम न्यूनीकरण सम्बन्धी स्थानीयस्तरका आयोजनाको तर्जुमा, कार्यान्वयन, अनुगमन र नियमन,

(८) विपद् पश्चात् स्थानीयस्तरको पुनर्स्थापना र पुनर्निर्माण,

(९) स्थानीयस्तरको विपद् सम्बन्धी तथ्याङ्क व्यवस्थापन र अध्ययन अनुसन्धान,

(१०) स्थानीय आपतकालीन कार्य सञ्चालन प्रणाली,

(११) समुदायमा आधारित विपद् व्यवस्थापन सम्बन्धी कार्यक्रमको सञ्चालन,

(१२) विपद् व्यवस्थापन सम्बन्धी अन्य कार्य ।

प. जलाधार, वन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण

(१) जलाधार, वन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड तथा योजनाको कार्यान्वयन र नियमन,

(२) पानी मुहानको संरक्षण,

(३) सामुदायिक भू-संरक्षण र सोमा आधारित आय आर्जन कार्यक्रम,

(४) भू-संरक्षण र जलाधार व्यवस्थापनजन्य सामुदायिक अनुकूलन,

(५) खानी तथा खनिज पदार्थ सम्बन्धी सूचना तथा तथ्याङ्क सङ्कलन,

(६) बहुमूल्य धातु, पत्थर तथा खनिज पदार्थको संरक्षण र सम्वर्द्धनमा सहयोग,

(७) ढुङ्गा, गिट्टी, बालुवा, नुन, माटो, खरीढुङ्गा तथा स्लेट जस्ता खानीजन्य वस्तुको सर्वेक्षण, उत्खनन् तथा उपयोगको दर्ता, अनुमति, नवीकरण, खारेजी र व्यवस्थापन,

(८) भौगर्भिक नक्सा प्रकाशन ।

प. भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास

(१) भाषा, संस्कति र ललितकलाको संरक्षण र विकास सम्बन्धी स्थानीयस्तरको नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन, अनुगमन र नियमन,

(२) पुरातत्त्व, प्राचीन स्मारक तथा सङ्ग्रहालयको संरक्षण, सम्भार, प्रवर्द्धन र विकास,

(३) परम्परागत जात्रा तथा पर्वको सञ्चालन र व्यवस्थापन,

(४) प्रचलित कानून विरुद्धका कुरीति तथा कुसंस्कार विरुद्ध सामाजिक परिचालन सम्बन्धी कार्य,

(५) भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास सम्बन्धी अन्य कार्य ।

२.१. नेपालको संविधान २०७२ को अनूसूची — ८ मा उल्लेख भए बमोजिम एकल अधिकार

क. नगर प्रहरी

ख. सहकारी संस्था

ग. एफ.एम. संचालन

घ. स्थानीय कर (सम्पत्ति कर, घर बहाल कर, घर जग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर), सेवा शुल्क दस्तुर, पर्यटन शुल्क, विज्ञापन कर, व्यवसाय कर, भूमिकर (मालपोत), दण्ड जरिवाना, मनोरञ्जन कर, मालपोत संकलन

ङ. स्थानीय सेवाको व्यवस्थापन

च. स्थानीय तथ्यांक र अभिलेख संकलन

छ. स्थानीयस्तरका विकास आयोजना तथा परियोजना

ज. आधारभूत र माध्यमिक शिक्षा

झ. आधारभूत स्वास्थ्य र सरसफाई

ञ. स्थानीय बजार व्यवस्थापन, वातावरण संरक्षण र जैविक विविधता

ट. स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक र सिंचाइ

ठ. गाउँ सभा, नगर सभा, जिल्ला सभा, स्थानीय अदालत, मेलमिलाप र मध्यस्थताको व्यवस्थापन

ड. स्थानीय अभिलेख व्यवस्थापन

ढ. घर जग्गा धनी पुर्जा वितरण

ण. कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन, पशु स्वास्थ्य, सहकारी

त. ज्येष्ठ नागरिक, अपांगता भएका व्यक्ति र अशक्तहरूको व्यवस्थापन

थ. बेरोजगारको तथ्यांक संकलन

द. कृषि प्रसारको व्यवस्थापन, संचालन र नियन्त्रण

ध. खानेपानी, साना जलविद्युत आयोजना, वैकल्पिक ऊर्जा

न. विपद व्यवस्थापन

न. जलाधार, वन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण

प. भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास

२.२ नेपालको संविधान २०७२ को अनुसूची — ९ मा उल्लेख भए बमोजिम साझा अधिका

क. शिक्षा, खेलकूद र पत्रपत्रिका

ख. स्वास्थ्य

ग. विद्युत, खानेपानी, सिंचाइ जस्ता सेवाहरू

घ. सेवा शुल्क, दस्तुर, दण्ड जरिवाना तथा प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी, पर्यटन शुल्क वन, जंगल, वन्यजन्तु, चराचुरुंगी, जल उपयोग, वातावरण, पर्यावरण तथा जैविक विविधता

ङ. खानी तथ तथा खनिज

च. विपद व्यवस्थापन

छ. सामाजिक सुरक्षा र गरीबी निवारण

ज. व्यक्तिगत घटना, जन्म, मृत्यु, विवाह र तथ्यांक

झ. प्रातत्व, प्राचीन स्मारक र संग्रहालय

ञ. सुकुम्बासी व्यवस्थापन

ट. प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी

ठ. सवारी साधन अनुमति

२.३. उल्लेखित अधिकारका अतिरिक्त संविधानमा उल्लेखित देहाय बमोजिमको काम, कर्तव्य र अधिकार


क. भूमि व्यवस्थापन

ख. सञ्चार सेवा

ग. यातायात सेवा

(३)गाउँपालिकाको संगठन, कर्मचारी संख्या एवं कार्य विवरण

३.१. संगठन संरचना



३.२. कर्मचारी दरबन्दी संख्या विवरण

गाउँ कार्यपालिकाको कार्यालय र अन्तर्गतका निकायहरुको स्वीकृत दरबन्दी तेरिज

क.सं.	पद	तह/श्रेणी	सेवा	समूह	उपसमूह	मौजुदा दरबन्दी	प्रस्तावित दरबन्दी		कुल कायम हुने दरबन्दी	कैफीयत
							थप	घट		
१	प्रमुख प्रशासकीय अधिकृत	रा.प. तृतीय	प्रशासन	सा.प्र.		१	-	-	१	संघको दरबन्दी
२	इन्जिनियर	६/७/८ औं	इन्जि.	सिभिल		१	१	-	२	
३	अधिकृत	६/७/८ औं	शिक्षा	शि.प्र.		१	-	-	१	
४	अधिकृत	६/७/८ औं	प्रशासन	लेखा		१	-	-	१	
५	अधिकृत	६/७/८ औं	प्रशासन	सा.प्र.		२	१	-	३	
६	ज.स्वा.नि/सिनहेव/ हे.ज.	६/७/८ औं	स्वास्थ्य	हे.ई.		१	-	-	१	
७	सूचना प्रविधि अधिकृत	६/७/८ औं	विविध			०	१	-	१	
८	आन्तरिक लेखापरीक्षक	५ औं	प्रशासन	लेखा		१	-	-	१	
९	सहायक	४/५ औं	प्रशासन	सा.प्र.		४	३	-	७	
१०	स/कम्प्यूटर अपरेटर	४/५ औं	विविध			१	१	-	२	
११	वातावरण निरिक्षक	५ औं	विविध			०	१	-	१	
१२	लेखा सहायक	४/५ औं	प्रशासन	लेखा		१	-	-	१	
१३	प्रा.स.	५ औं	शिक्षा	शि.प्र.		१	-	-	१	
१४	सि/अनमि	५ औं	स्वास्थ्य	नर्सिङ		०	१	-	१	
१५	सहायक	५ औं	न्याय	कानून		०	१	-	१	
१६	सिनहेव/ हे.ज.	५ औं	स्वास्थ्य	हे.ई.		०	१	-	१	
१७	सब-इन्जिनियर	५ औं	इन्जि.	सिभिल		१	२	-	३	
१८	ज.सब.इन्जिनियर	चौथो	इन्जि.	सिभिल		१	-	१	०	

१९	स. महिला विकास निरिक्षक	चौथो	विविध			१	–	–	१	
२०	खा.पा.स.टे.	चौथो/पाचौं	इन्जि.	सिभिल	स्यानीटरी	१	–	–	१	
२१	अमिन	चौथो	इन्जि.	सर्भे		०	१	–	१	
२२	हेभी सवारी चालक					०	२	–	२	करार
२३	हल्का सवारी चालक					०	३	–	३	करार
२४	कार्यालय सहयोगी					०	९	–	९	करार
२५	चाले					०	२	–	२	करार
२६	माली					०	१	–	१	करार
कार्यालय तर्फ जम्मा						१९	३१	१	४९	
वडा कार्यालय (५ वटा)										
१	सहायक	४/५ औं	प्रशासन	सा.प्र.		५	–	–	५	
२	अ/सव-इन्जिनियर	४/५ औं	इन्जि.	सिभिल		५	–	–	५	
३	सहायक क. अपरेटर	चौथो	विविध			०	५	–	५	करार
४	कार्यालय सहयोगी	श्रेणी विहिन				०	५	–	५	करार
वडा कार्यालय तर्फ जम्मा						१०	१०	०	२०	
कुल जम्मा						२९	४१	१	६९	
क्र.सं.	पद	तह/श्रेणी	सेवा	समूह	उपसमूह	मौजुदा दरबन्दी	प्रस्तावित दरबन्दी			
							थप	घट	जम्मा	कैफियत
१	कृषि अधिकृत	७/८ औं	कृषि	कृषि		१	–	-	१	
२	पशु विकास अधिकृत	७/८ औं	कृषि	लपोडेडे		१	–	-	१	
३	पा. स.	५ औं	कृषि	कृषि		२	-	-	२	
४	पा. स.	५ औं	कृषि	भेटेरिनरी		१	–	–	१	

५	प्रा. स.	५ औं	कृषि	लपोडेडे		१	–	–	१	
६	ना.प्रा.स.	४ औं	कृषि	कृषि		१	–	-	१	
७	ना.प्रा.स.	४ औं	कृषि	भेटेरिनरी		१	-	-	१	
८	ना.प्रा.स.	४ औं	कृषि	लपोडेडे		१	–	-	१	
जम्मा						९	-	-	९	
कुल जम्मा						३८	४१	१	७८	

(४)गाउँपालिकाबाट प्रदान गरिने सेवा

प्रदान गरिने सेवाको जिम्मेवार शाखा, लाग्ने दस्तुर र अवधि

(१) नयायिक समिति

क्र. सं.	सेवा सुविधाको नाम	आवश्यक पर्ने कागजातहरु	सेवा सुविधा प्राप्त गर्न आवश्यक पर्ने प्रक्रिया	सेवा प्रदान गर्ने अधिकारी/शाखा	लाग्ने दस्तुर	लाग्ने समय
१	कर्सै उपर विवाद दर्ता वा उजुरी	१. कानुनबमोजिम हकदैया पुगेको व्यक्तिको रीतपूर्वकको उजुरी निवेदन २. नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपी ३. वडाको सिफारिस तथा सर्जमिन मुचुल्का सहितको सिफारिस ४. वडास्तरबाट विवाद समाधान तथा मेलमिलापका लागि प्रयास भएको भए सो सम्बन्धमी निर्णय तथा कागजातहरु ५. उजुरी प्रकृतिको आधारमा अन्य आवश्यक प्रमाण एवं कागजात	१. विवाद दर्ता गरी वादीलाई तारेख तोकी अनुसूची २ बमोजिमको निस्सा दिने २. तारेख दिनुपर्ने अवस्थामा दुवै पक्षको दस्तखत गराई मिसिल खडा गरी अनुसूची ४ बमोजिमको तारेख पर्चा दिने ३. मेलमिलाप,विवाद समाधान गर्ने	उजुरी प्रशासन न्यायिक समितिको सचिवालय	रु.१००-	सोही दिन भई स्याद तामेल र छलफलको ७ दिनभित्र विवाद समाधान हुने
२	दरपीठ आदेश विरुद्ध निवेदन	१. दरपीठ आदेश भएको तीन दिनभित्र न्यायिक समितिमा निवेदन २. निवेदकको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी ३. विवाद दर्ता सम्बन्धि आवश्यक प्रमाण एवं कागजातहरु	१. निवेदन दर्ता गर्ने २. निवेदनको व्यहोरा मनासिब देखिएमा समितिले दरपीठ बदर गर्ने ३. विवाद दर्ता गर्ने	न्यायिक समिति	रु.१००-	५ दिनभित्र
३	मिसिलको कागजात वा निर्णय नक्कल माग	१. तोकिएको ढाँचाको निवेदन २. प्रयोजन खुलेको कागज र व्यक्तिगत पहिचान खुल्ने प्रमाणपत्रहरु	निवेदन दर्ता गरी नियमानुसार दिन मिल्ने कागजातको नक्कल उपलब्ध गराउने	न्यायिक समितिको सचिवालय अभिलेख प्रशासक	प्रति पृष्ठ रु.५/-	सम्भव भएसम्म सोही दिन नभए भोलिपल्ट
४	स्थानिय सरकार सञ्चालन ऐन-२०७४ को दफा ४७ (१) र (२)	१. कानुनबमोजिम हकदैया पुगेको व्यक्तिको रीतपूर्णकको उजुरी निवेदन २. नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपी ३. वडाको सिफारिस तथा सर्जमिन मुचुल्का आवश्यक पर्ने भएमा सम्बन्धित वडाबाट सर्जमिन मुचुल्का सहितको सिफारिस	१. निवेदन दर्ता २. उपाध्यक्ष/न्यायिक समितिबाट निर्णय	गाउँपालिका उपाध्यक्ष/न्यायिक समिति	जादी रु सुदा दर्ता ५००/-	दर्ता कागजातपत्र पुरा भई समितिको निर्णय भएपछि सम्भव भएसम्म सोही दिन नभए सोको भोलिपल्ट

	बर्मोजिम न्यायिक समिति सम्बन्धि सेवा सुविग्राहरु	४. वडास्तरबाट विवाद समधान तथा मेलमिलापका लागि प्रयास भएको भए सो सम्बन्धि निर्णय तथा कागजातहरु ५. उजुरी प्रकृतिको आधारमा अन्य आवश्यक प्रमाण एवं कागजात ६. प्रतिवादी सङ्ख्या बराबरको उजुरी प्रतिलिपि ७. अन्य आवश्यक कागजातहरु			मुद्दा दर्ता प्रतिवादी रु.५०/- प्रतिलिपि प्रति पाना रु.५/-	

(२) प्रशासन, योजना तथा अनुगमन शाखा

क्र. सं.	सेवा सुविधाको नाम	आवश्यक पर्ने कागजातहरु	सेवा सुविधा प्राप्त गर्न आवश्यक पर्ने प्रक्रिया	सेवा प्रदान गर्ने अधिकारी/शाखा	लाग्ने दस्तुर	लाग्ने समय
१	उपभोक्ता समिति मार्फत आयोजना सम्झौता तथा पेश्की माग	१. योजना सम्झौताका लागि उपभोक्ता समितिको तर्फबाट निवेदन २. योजनाको स्वीकृत प्राविधिक लागत अनुमान ३. निर्वाचित वडा जनप्रतिनिधिको रोहबरमा सरोकारवाला पक्षहरु सहितको भेलाबाट उपभोक्ता समिति तथा अनुगमन समिति गठन गरेको निर्णयको प्रतिलिपि ४. उपभोक्ता समिति गठनमा निर्णयक अधिकारसहित कम्तिमा ३३ प्रतिशत महिला सहभागिता सुनिश्चित भएको माइन्यूट ५. संगठित संघ संस्था/समूह/क्लब/समिति आदी जस्ता आधिकारिक संस्थाद्वारा कार्यन्वयन गरिने योजना भएमा समितिको बैठकको निर्णयको प्रतिलिपि ६. निर्माणको विवरण, लागत सहभागिता, सम्झौता, अनुगमन समिति गठन जस्ता विषय खुलेको उपभोक्ता समितिको निर्णय र आधिकारिक छाप ७. उपभोक्ता समितिका पदाधिकारीहरुको नागरिकता प्रमाणपत्रको प्रतिलिपि	१. निवेदन दर्ता गर्ने २. प्र.प्र.अ.बाट तोक लगाउने ३. सम्बन्धित शाखा/एकाईले दर्ता र आवश्यक प्रक्रिया पूरा गरी सेवा उपलब्ध गराउने	प्रशासन, योजना तथा अनुगमन शाखा र आर्थिक प्रशासन शाखा	योजना ५००/-	कागजात पूरा भएको हकमा सोही दिन वा भोलिपल्ट
२	पेश्की माग	१. पेश्की मागको निवेदन र वडा कार्यालयको सिफारिस २. योजना सम्झौता र लागत अनुमानको प्रतिलिपी ३. कारण सहित पेश्की माग गर्ने उपभोक्ता समितिको निर्णय र आधिकारिक छाप	निवेदन दर्ता पछि टिप्पणी स्वीकृत गराई पेश्की उपलब्ध गराउने	प्रशासन, योजना तथा अनुगमन शाखा र आर्थिक प्रशासन शाखा	निःशुल्क	कागजात पूरा भएको हकमा सोही दिन
३	बैंक खाता सञ्चालन सिफारिस	१. बैंक खाता सञ्चालन सिफारिसका लागि	निवेदन दर्ता गरी बैंक खाता सञ्चालनका लागि सिफारिस गर्ने	प्रशासन, योजना तथा अनुगमन शाखा	निःशुल्क	सोही दिन

		२. उपभोक्ता समितिको नाममा बैंक खाता खोल्नको निम्ति वडीमा तीन जना (एक महिला सहित) पदाधिकारीहरुको संयुक्त दस्तखतबाट सञ्चालन गर्ने				
४	ठेक्कामार्फत आयोजना सम्झौता र पेश्की	१. ठेक्का स्वीकृति र सम्झौता गर्ने आउने सम्बन्धि कार्यालयको पत्र, निर्माण व्यवसायिको तर्फबाट सम्झौता निवेदन र तोकिए बमोजिमको कार्यसम्पादन जमानत २. मोबिलाईजेशन पेश्कीको हकमा पेश्की रकम बराबरको बैंक जमानत ३. बोलपत्र सम्बन्धी कागजात तथा अन्य आवश्यक कागजातहरु	निवेदन दर्ता र तोक आदेशपछि सम्बन्धित शाखा/एकाइले दर्ता र आवश्यक प्रकिया पूरा गरी सेवा उपलब्ध गराउने	प्रशासन, योजना तथा अनुगमन शाखा	निःशुल्क	कागजात पूरा भएको हकमा सोही दिन
५	रनिङ बिल तथा अन्तिम बिल भुक्तानी	१. योजनाको रनिङ बिल भुक्तानी वा अन्तिम बिल भुक्तानीका लागि उपभोक्ता समितिको निर्णय सहित निवेदन २. सम्बन्धित योजना हेर्ने प्राविधिकबाट रनिङ बिल वा कार्य सम्पन्न प्रतिवेदन ३. वडा कार्यालय र अनुगमन समितिको रनिङ बिल/भुक्तानी सिफारिस ४. आयोजनाको सार्वजनिक सुनुवाई,सार्वजनिक लेखापरीक्षण र खर्चका प्रमाणित बिल भरपाईहरु ५. उपभोक्ता समिति र अनुगमन समितिको बैठकबाट कार्य समपन्न भएको व्यहोराको निर्णय प्रतिलिपि ६. रआयेजना सूचना पाटी (होडिङ बोर्ड) र काम सुरु हुनुपूर्वको, काम हुँदै गरको र काम समपन्नपछिको झलक देखिने फोटोहरु ७. रु. २०००० बीस हजारसम्म PAN बिल र सो भन्दा माथिको हकमा अनसवार्य (VAT) बिल सहितको बिल भर्पाईहरु ८. कमदारको ज्यालाको लागि प्रमाणित डोर हाजिर फारम ९. सामान ढुवानी गरेको गाडीको ब्लुबुक र चालक अनुमति पत्र, निर्माण व्यवसायी,फर्म४४ संस्था र कम्पनीको हकमा रु. २०००० — बीस हजार भन्दा माथिको हकमा कर बिजक (VAT) बिल १०. ठेकाबाट हुने कामको हकमा रनिङ बिल, प्राविधिक प्रतिवेदन, कार्य समपन्न प्रतिवेदन र गाउँपालिका स्तरीय अनुगमन समितिको सिफारिस ११. योजना स्थाद थप गर्नुपर्ने भएमा स्थाद सक्नु भन्दा ७ दिन अगावै कारण र आधार सहितको निर्माण व्यवसायीको निवेदन तथा उपभोक्ता समितिको हकमा समितिको निर्णयको प्रतिलिपि र आवश्यक कागजातहरु	१. निवेदन दर्ता गर्ने २. प्र.प्र.अ.बाट तोक लगाउने ३. सम्बन्धित शाखा/एकाइले दर्ता र आवश्यक प्रकिया पूरा गरी सेवा उपलब्ध गराउने	प्रशासन, योजना तथा अनुगमन शाखा र आर्थिक प्रशासन शाखा	निःशुल्क	कागजात पूरा भएको हकमा सोही दिन वा भोलिपल्ट

६	धरौटी फिर्ता	१. धरौटी फिर्ता सम्बन्धी निवेदन पत्र २. उपभोक्ता समितिको हकमा वडा कार्यालयबाट काम समपन्न भएको सिफारिस ३. ठेकाबाट निर्माण कार्य भएको भए सम्झौतामा उल्लेख भए सोहि कमोंजिम र नभएमाको हकमा सार्वजनिक खरिद ऐन/नियमानुसार कागजात	१) निवेदन दर्ता गर्ने २) प्र.प्र.अ. बाट तोक लगाउने ३) सम्बन्धी शाखा / एकाइले दर्ता र आवश्यक प्रक्रिया पूरा गरी धरौटी फिर्ता गर्ने	प्रशासन, योजना तथा अनुगमनन शाखा र आर्थिक प्रशासन शाखा	निःशुल्क	कागजात पूरा भएको हकमा सोही दिन वा भोलिपल्ट
७	पूर्वाधार बाहेकको प्रवर्द्धनात्मक योजना तथा कार्यक्रमको सम्झौता	१. कार्यक्रम सम्झौताका लागि सम्बन्धित संस्था/समितिको निर्णय सहितको निवेदन २. कार्यक्रम स्वीकृत भएको भन्ने व्यहोराको आधिकारिक निर्णयको प्रतिलिपि ३. गाउँपालिको स्वीकृत मापदण्ड बमोजिमको कार्यक्रमको प्रस्ताव ४. संस्थाको विधान र पछिल्लो आ.व. को अन्तिम लेखापरीक्षण प्रतिवेदन ५. कार्यक्रम सञ्चालनका लागि गरिने लागत सहभागिता सम्बन्धी विवरण ६. अन्य कागजातहरु	१) निवेदन दर्ता गर्ने २) प्र.प्र.अ. बाट तोक आदेशपछि सम्बन्धी शाखाले आवश्यक प्रक्रिया पूरा गरी कार्यक्रम सम्झौता गर्ने			
८.	पूर्वाधार बाहेकका पूर्वाधार बाहेकको प्रवर्द्धनात्मक योजना तथा कार्यक्रमहरुको पेश्की तथा अन्तिम भुक्तानी	१. सम्झौता/प्रगतिका आधारमा भुक्तानिका लागि संस्थाको निर्णय सहितको निवेदन २. सम्झौता बमोजिमकोलागत सहभागिता र प्रगति प्रतिवेदन ३. पेश्की लिनुपर्ने भएमा पेश्की पाउँ भन्ने व्यहोराको निवेदन र अन्तिम भुक्तानी माग पत्र, कार्यक्रम सञ्चालन भएको झलक देखिने फोटोहरु, पालिका स्तरीय अनुगमन समितिको सिफारिस र खर्च तेरिज तथा प्रमाणित बिल भर्पाइ र सम्पन्न प्रतिवेदन सहित आवश्यक कागजातहरु	१) निवेदन दर्ता गरी प्र.प्र.अ. बाट तोक आदेशपछि सम्बन्धी शाखाले आवश्यक प्रक्रिया पूरा गरी पेश्की/अन्तिम भुक्तानी दिने	प्रशासन, योजना तथा अनुगमन शाखा र आर्थिक प्रशासन शाखा	निःशुल्क	कागजात पूरा भएको हकमा सोही दिन वा भोलिपल्ट
९.	विभिन्न प्रकारका सिफारिस	१. कुन प्रकारको सिफारिस आवश्यक पर्ने हो, सो व्यहोरा खुलेको निवेदन २. नागरिकता प्रमाणपत्रको प्रतिलिपि ३. वडाको सिफारिस तथा सर्जमिन सुचुल्का आवश्यक पर्ने भएमा सम्बन्धित वडाबाट सर्जमिन सुचुल्का सहितको सिफारिसपत्र ४. सम्बन्धित सिफारीसको लागि आवश्यक अन्य कागजातहरु अन्य आवश्यक कागजातहरु	१)निवेदन दर्ता गर्ने २)प्र.प्र.अ. बाट तोक लगाउने ३) सम्बन्धित शाखा/एकाइको दर्ता र आवश्यक प्रक्रिया पूरा गरी सिफारिस उपलब्ध गराउने	प्रशासन,योजना तथा अनुगमन शाखा	रु. १५०।-	कागजात पूरा भएको हकमा सोहि दिन वा भोलिपल्ट
१०.	सूचनाको हक सम्बन्धि सूचना माग	१. तोकिएको ढाचाँमा सूचना मागेको निवेदन सूचना मागको प्रयोजन,उद्देश्य खुलेको कागजात	निवेदन दर्ता र तोक आदेशपछि नियमानुसार सूचना दिन मिल्ने भए सुचना उपलब्ध गराउने	सूचना अधिकारी	१० पृष्ठसम्म निःशुल्क	१५ दिन भित्र

					त्यसपछि प्रति पृष्ठ रु. ५।-	
११.	सहकारी संस्था दर्ता गर्ने	१. तदर्थ समितितर्फबाट निर्णय २. कम्तिमा ३० जना (बचत तथा ऋण सहकारीको हकमा १०० जना) नेपाली नागरिकहरुले पहिलो र दोस्रो गरी दुई वटा प्रारम्भिक भेला गरी सोको उपस्थिति सहितको निर्णय प्रतिलिपि ३. प्रस्तावित सहकारी संस्थाको सकल विनियम ४. शेयर सदस्यको फोटो सहितो विवरण,नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि, वसोबास तथा नावद्धता खुल्ने आवश्यक कागजातहरु, कार्य योजना, पूर्वसहकारी सम्बन्धि तालिम लिएको प्रमाणपत्र, सम्भाव्यता अध्ययन ५. तोकिएबमोजिमको रकम तिरेको रसिद अन्य आवश्यक कागजातहरु	निवेदन दर्ता गरी प.प.अ. तोक आदेशपछि सम्बन्धित शाखाले आवश्यक प्रक्रिया पूरा गरी सेवा उपलब्ध गराउने	प्रशासन,योजना तथा अनुगमन शाखा	५००।-	प्रक्रिया पुगी आवेदन पेश गरेको १५ दिनभित्र
१२.	सहकारी/संघ संस्थाको विनियम संशोधनको स्वीकृति	१. संस्थाको तर्फबाट व्यहोरा खुलेको निवेदन पत्र २. पछिल्लो साधारण सभामा कूल सदस्य सङख्याको बहुमतले ऐन, नियम र सिद्धान्त एवं मापदण्ड अनुकूल विनियम संशोधनको निर्णय गरी निर्णय प्रतिलिपि र तीस महले फारमको ढाँचामा लेपाली कागजमा संशोधित विनिया दुई प्रति ३. संस्थाको पछिल्लो आ.व.को अन्तिम लेखापरीक्षण प्रतिवेदन अन्य आवश्यक कागजातहरु	निवेदन दर्ता गरी प.प.अ. तोक आदेशपछि सम्बन्धित शाखाले आवश्यक प्रक्रिया पूरा गरी सेवा उपलब्ध गराउने	प्रशासन,योजना तथा अनुगमन शाखा	रु. ५००।-	प्रक्रिया पूरा आवेदन पेश गरेको ७ दिनभित्र
१३.	सहकारी/संघ संस्थाले नियमानुसार पाउने छूट सुविधाहरुको सिफारिस गर्ने	१. संस्थाको तर्फबाट व्यहोरा खुलेको निवेदन पत्र २. सम्बन्धित संघ संस्थाको पत्र सहित आवश्यकता अनुसार साधारण सभा तथा सञ्चालक समितिको निर्णयको प्रमाणित प्रतिलिपि ३. संस्थाको पछिल्लो आ.व.को अन्तिम लेखापरीक्षण प्रतिवेदन ४. घर जग्गा खरिदमा रजिट्रेशन दस्तुर छुटको सिफारीस माग गर्दा मापदण्ड अनुसार खरिदका लागि लेखापरीक्षकले प्रमाणित गरेको आवश्यक स्रोतले विश्लेशन गरीएको कागजात ५.अन्य आवश्यक कागजातहरु	१।निवेदन दर्ता गर्ने २।प.प.अ. बाट तोक लगाउने ३। सम्बन्धित शाखा/एकाइको दर्ता र आवश्यक प्रक्रिया पूरा गरी सिफारिस उपलब्ध गराउने	प्रशासन,योजना तथा अनुगमन शाखा	रु. १५०	सम्पूर्ण प्रक्रिया पुगी आवेदन पेश गरेको ३गा दिनभित्र

१४	सहकारी/संघ संस्थाबाट भएको सोधपुछ तथा माग भएको जमोजिमको राय प्रदान	१. संस्थाको तर्फबाट व्यहोरा खुलेको निवेदन पत्र २. संरचनागत वा नितिगत विषयमा संघ/संस्थाका कुल सदस्य मध्ये कम्तिमा ५ प्रतिशत सदस्यको स्पष्ट कारण सहितको निवेदन र खास काम, कारवाही वा कारोवारका विषयमा सम्बन्धित संस्था, व्यक्ति वा निजका अख्तियार प्राप्त व्यक्तिको निवेदन, निवेदकको व्यहोरा पुष्टी गर्ने प्रमाण, र अन्य आवश्यक कागजातहरु	निवेदन दर्ता गरी समबन्धि शाखा/एकाइले दर्ता र आवश्यक प्रकृया पुरा गरी सेवा उपलब्ध गराउने	प्रशासन, योजना तथा अनुगमन शाखा	रु.३००	सम्पुर्ण प्रकिया पुर्गी आवेदन पेश गरेको ३ दिन भित्र
१५	सहकारी संघ संस्थाको दर्ता खारेजी	१. संघ संस्थाको साधारण सभाको कुल सदस्य संख्याको दुई तिहाई बहुमतले गरेको निर्णयको प्रतिलिपी समेतको पत्र २. अन्य आवश्यक कागजातहरु	निवेदन दर्ता गरी सम्बन्धि शाखा/एकाईले दर्ता र आवश्यक प्रकृया पुरा गरी सेवा उपलब्ध गराउने	प्रशासन, योजना तथा अनुगमन शाखा	रु.५००	आवश्यकता हेरी बढीमा ३५ दिन
१६	सहकारी संघ संस्था एकिकरण र विभाजन	१. दुई वा दुई भन्दा बढी संस्थाहरु आपसमा एकिकरण गर्न वा एक संस्थालाई दुई वा दुई भन्दा बढी संस्थामा विभाजन गर्न साधारण सभाको दुई तिहाई बहुमतबाट पारित भएको निर्णय सहितको पत्र २. अन्य आवश्यक कागजातहरु(नियम ३९, ४० जमोजिम)	निवेदन दर्ता गरी सम्बन्धि शाखा/एकाईले दर्ता र आवश्यक प्रकृया पुरा गरी सेवा उपलब्ध गराउने	प्रशासन, योजना तथा अनुगमन शाखा	रु.५००	आवश्यकता हेरी बढीमा ३५ दिन
१७	सहकारी संघ संस्थाहरु सँग सम्बन्धित गुनासो/उजुरी	१. गुनासो सुनवाई एवम् समस्या समाधान गर्न आवश्यक प्रमाण सहितको निवेदन/उजुरी	निवेदन दर्ता गरी सम्बन्धि शाखा/एकाईले दर्ता र आवश्यक प्रकृया पुरा गरी सेवा उपलब्ध गराउने	प्रशासन, योजना तथा अनुगमन शाखा	निःशुल्क	आवस्था हेरी बढीमा १५ दिन
१८	सहकारी संघ संस्थाले लेखा परिक्षक नियुक्ति गरेकोमा समर्थन गर्ने वा स्वीकृत प्रदान	१. सम्बन्धित संघ/संस्थाको पत्र २. लेखा परिक्षकको इजाजत र सोको नविकरण ३. ले. प. शुल्क तोकिएको निर्णय सहित लेखा परिक्षक नियुक्ति गरेको निर्णयको प्रमाणित प्रतिलिपि ४. संस्था तथा लेखा परिक्षकको कर चुक्ताको प्रमाण पत्र, निजको कार्य क्षेत्र गत शरद लेखापरिक्षक नियुक्त हुन अयोग्य नरहेको स्व घोषणा, ५. बिगत तिन वर्षमा नियुक्त लेखापरिक्षकहरुको नाम र ठेगाना ६. अन्य आवश्यक कागजातहरु	निवेदन दर्ता गरी प्र. प. अ. बाटको तोक आदेश पछि सम्बन्धित शाखाले आवश्यक प्रकृया पुरा गरी सेवा उपलब्ध गराउने	प्रशासन, योजना तथा अनुगमन शाखा	सकार सकान्त भित्र निःशुल्क म्याद नाघेमा रु.५००	सकार सकान्त गरेमा निःशुल्क
१९	संस्था/सहकारीको मासिक प्रगति प्रतिवेदन, लेखा	१. संस्थाको अधिकारिक पत्र सहितका प्रमाणित विवरण २. अन्य आवश्यक कागजातहरु	१. पत्र दर्ता र तोक २. विवरण प्राप्त गरी विवरण अद्यावधिक	प्रशासन, योजना तथा अनुगमन शाखा	मासिक विवरण ७ दिन भित्र र	पेश गर्ने समय तोकिए जमोजिम र

	परिक्षक प्रतिवेदन सहित साधारण सभाको निर्णय लगायतका वार्षिक विवरण प्राप्त गरी विवरण अध्यावधिक				वार्षिक विवरण सभाको १५ दिन पश्चात् रु. ३००० सम्म जरिवाना	अध्यावधिक गर्ने कार्य निरन्तर

(३) अन्य सामाजिक संघ संस्था दर्ता तथा नविकरण सम्बन्धी

क्र. सं.	सेवा सुविधाको नाम	आवश्यक पर्ने कागजातहरू	सेवा सुविधा प्राप्त गर्न आवश्यक पर्ने प्रकिया	सेवा प्रदान गर्ने अधिकार/शाखा	लाग्ने दस्तुर	लाग्ने समय
१	नयाँ संस्था दर्ताका सिफारिस	१. प्रस्तावित संस्थाको तदर्थ समितिको निर्णय प्रतिलिपि सहितको निवेदन पत्र २. सम्बन्धित वडाको सिफारिस र प्रस्तावित संस्थाको विधान ३. समितिका सबै पदाधिकारीहरुको नागरिकताको प्रतिलिपि ४. संस्थाको कार्यालय बसेको घर भाडामा भए उक्त घर धनीसँगको सम्झौता पत्र र बहाल कर तिरेको रसिद ५. अन्य आवश्यक कागजातहरु	१. निवेदन दर्ता र तोक २. सिफारिस गर्ने निर्णय स्वीकृत ३. सिफारिस दिने	सहकारी शाखा	आर्थिक ऐन अनुसार	प्रकिया पूरा भएपछि ३ दिन भित्र
२	संस्था नवीकरणका लागि सिफारिस	१. वडाको सिफारिस सहित निवेदन पत्र २. संस्थाको कार्यालय बसेको घर भाडामा भए उक्त घरधनीसँगको सम्झौता पत्र र बहाल कर तिरेको रसिद ३. करचुक्ता प्रमाणपत्र, स्थायी लेखा नम्बर दर्ता प्रमाणपत्र, संस्था दर्ता र समाज कल्याण परिषदमा आबद्धता भएको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ४. पछिल्लो आ.व. को अन्तिम लेखापरीक्षण प्रतिवेदन ५. अन्य आवश्यक कागजातहरु	१. निवेदन दर्ता र तोक २. सिफारिस गर्ने निर्णय स्वीकृत ३. सिफारिस दिने	सहकारी शाखा	६००।-	प्रकिया पूरा भएपछि सोही दिन नभए बढीमा ३ दिन भित्र
३	गैर सरकारी संस्थालई कार्यक्रम सञ्चालनको पूर्व	१. विधान, सम्बन्धित वडाको सिफारिस र निर्णय प्रतिलिपी सहितको निवेदन पत्र २. संस्थाको कार्यालय बसेको घर भाडामा भए उक्त घरधनीसँगको सम्झौता पत्र र बहाल कर तिरेको रसिद	१. निवेदन दर्ता र तोक २. कार्यक्रम सञ्चालन अनुमति गर्ने निर्णय स्वीकृत ३. कार्यक्रम सञ्चालन स्वीकृति पत्र दिने	सहकारी शाखा	२००।-	प्रकिया पूरा भएपछि सोही दिन नभए बढीमा ३ दिन भित्र

